प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/१२
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ३५१, मकवानपुरमा ६२, भक्तपुरमा ५०, चितवनमा २५, धादिङमा १६, काभ्रेपलान्चोकमा १५, ललितपुरमा १२, सिन्धुलीमा २, रसुवामा १, नुवाकोटमा १, रामेछापमा १ र सिन्धुपाल्चोकमा गरी जम्मा ५३७ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य आवश्यक व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा समेतको समन्वयमा) कार्य भईरहेको छ।
- हेटौडा-१९, मकवानपुर निवासी ७१ वर्षिया महिलाको मिति २०७७ भाद्र १२ गते चितवन मेडिकल कलेज, भरतपुरमा निधन भएको छ । श्वास प्रश्वासमा समस्या भई भाद्र ७ गते उपचारको लागि भर्ना भएकी निजको कोरोना समेत पुष्टी भएको थियो (निज दमको विरामी हुनुहुन्थ्यो) । भरतपुर-२, चितवन निवासी ५१ वर्षिया पुरुषको मिति २०७७ भाद्र १२ गते पुष्पाञ्जली अस्पताल, भरतपुरमा निधन भएको छ । श्वास प्रश्वासमा समस्या भई भाद्र ५ गते अस्पताल भर्ना भएका निजको भाद्र ८ गते कोरोना पुष्टी भएको थियो (निज लामो समय देखी दमको विरामी हुनुहुन्थ्यो) । त्यस्तै गट्ठाघर, भक्तपुर निवासी ६४ वर्षिया महिलाको मिति २०७७ भाद्र ११ गते नागरीक अस्पताल, गट्ठाघरमा निधन भएको छ । श्वास प्रश्वासमा समस्या भई भाद्र ११ गते बेहोस अवस्थामा अस्पाताल ल्याइएकी निजको सोही दिन कोरोना पुष्टी भएको थियो । उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना व्यक्त गर्दछ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको १८ प्रतिशत (१८.१२%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ३६४५६ (१००%) | ६६०५ (१००%) |
| निको भएको | २०२४२ (५५.५%) | ९६६ (१४.६%)* |
| उपचाररत | १६०१९ (४४.०%) | ५५९७ (८४.८%)* |
| मृत्यु भएको | १९५ (०.५%) | ४२ (०.६%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/१२ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वा. तथा ज. स .म. |

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ९६९६ वटा क्वारेन्टाईन बेड व्यवस्थापन गरेकोमा अहिले २२३२ जना बस्दै आउनुभएको र ११५१ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा २७९९ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २५३१ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७३९६ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ५८५८० जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | १०४ | ३४० | १२१२ | १८७७ | १०८६० | १०५२८ | ३३२ | २३५०५ | ३५१ | ३८०९ |
| ललितपुर | ३७१ | ३१ | ८० | २२१ | १७८ | ४६३० | ४५७५ | ५५ | २५४५ | १२ | ५८८ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३२१ | ६५ | २३९६ | २३७६ | २० | ४८४५ | ५० | ४२१ |
| रसुवा | २८८ | १ | २३ | ३५ | ४ | ६९८ | ६८६ | १२ | ७१० | १ | १८ |
| नुवाकोट | ११७७ | १६१२ | ५८ | ४० | १७ | ३२९२ | ३१०२ | १९० | २९८७ | १ | ८८ |
| धादिङ | ३१५ | २४ | २१ | ६२ | १० | ३१३५ | २९९० | १४५ | २१८७ | १६ | २०२ |
| चितवन | २४६५ | २०२ | १४४ | ३५५ | ८५ | १८३८ | १८२३ | १५ | ६७३७ | २५ | ५२३ |
| सिन्धुली | ३९२ | ५६ | ६ | ४३ | ३१ | १२३० | ११९६ | ३४ | २३२१ | २ | ७१ |
| मकवानपुर | ४०७ | १३ | १०३ | २१७ | ९१ | १९३९ | १९१९ | २० | ५२६८ | ६२ | ४९१ |
| रामेछाप | ५०० | ६५ | ० | १०४ | ९ | ८९२ | ८८४ | ८ | ४९९ | १ | ६७ |
| दोलखा | ९८६ | ६४ | २ | २७ | १८ | १७४६ | १७३२ | १४ | १५४६ | | ४८ |
| काभ्रेपलान्चोक | ८५१ | ४३ | १०९ | १०६ | १३६ | ३२८२ | ३२३२ | ५० | २४७५ | १५ | १७८ |
| सिन्धुपाल्चोक | ७८९ | ११ | १०० | ५६ | १० | १४५८ | १४४५ | १३ | २९५५ | १ | १०१ |
| जम्मा | ९६९६ | २२३२ | ११५१ | २७९९ | २५३१ | ३७३९६ | ३६४८८ | ९०८ | ५८५८० | ५३७ | ६६०५ |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार


## ❖ प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौंडा स्थित प्रदेश प्रयोगशाला | १९८४२ | २९६ | २८२ | ३० जना;<br>मकवानपुर-२७, सिन्धुपाल्चोक-१, जुम्ला-१, फलोअप-१ | २५२ | |
| धुलिखेल स्थित प्रदेश प्रयोगशाला | १५०८ | २४४ | २६५ | २५ जना;<br>मकवानपुर-४, भक्तपुर-३, कैलाली-३, ललितपुर-२, बारा-२, महोत्तरी-२, स्याङजा-२, कंचनपुर-२, काठमाण्डौ-१, काभ्रेपलान्चोक-१, रामेछाप-१, उदयपुर-१, उर्लाबारी-१ | २४० | |

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छ:


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१२

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छ:

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१२

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छ:

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश: http://mosd.p3.gov.np/
-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/
-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/
-कोभिड १९ संकट व्यबस्थापन केन्द्र: ccmc.gov.np
-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा: http://www.edcd.gov.np/news/covid-19-situation-updates
-विश्व स्वास्थ्य संगठन/नेपाल: https://www.who.int/nepal

अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।

धन्यवाद !

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई